मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नगर कार्यपालिका बैठक

मितिः २०७७ आस्विन २३ गते शुक्रबार

**प्रस्तावहरुः**

१. विपदबाट प्रभावित व्यक्तिहरुलाई राहत सहायता उपलव्ध गराउने सम्वन्धी ।

२. दशैमा कोभिड- १९ संक्रमण नियन्त्रण सम्वन्धी।

३. मेनपा ०९ स्थित जनता मा.वि. ज्यामिरेमा कक्षा ११ सञ्चालन अनुमती सम्वन्धी ।

४. नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त दरवन्दी राहत कोटा र विद्यालय सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि स्वीकृत गर्ने ।

५. तेर्से मा.वि.मेनपा-६ लाई कक्षा कोठा निर्माणार्थ प्राविधिक लागत अनुमान बमोजिम रकम माग सम्वन्धी ।

६. टुहुरा बच्चालाई पोषण खर्च निरन्तरताको लागि सोमबहादुर घलेको माग ।

७. रेडियो मिसनको कार्यक्रम उत्पादन प्रशारण र सूचना उत्पादन प्रशारण सम्वन्धी प्रस्ताव ।

८. नौलिङ्ग स्वास्थ्य सेवा केन्द्र क्लिनिक व्यवस्थापन साझेदारीको लागि रु. २ लाख माग सम्वन्धी

९. विविपि परिवारलाई नौलिङ्ग स्वास्थ्य सेवा केन्द्रलाई साझेदार संस्था बनाई कार्यक्रम गर्न स्वीकृति दिने सम्वन्धी।

१०. कालिका चेतना मा.वि.,मेनपा-१३ लाई लिफ्ट खानेपानी योजनाको लागि रु.५ लाख माग सम्वन्धी।

११. सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लि.लाई १० टन क्षमताको कोल्ड चेम्बर निर्माण गर्न रु. ४ लाख माग सम्वन्धी।

१२. ब्रम्हकुमारी राजयोग सेवा केन्द्र ज्ञान पाठशाला मेनपा ११ लाई जग्गा माग सम्वन्धी।

१३. फलामे सामूदायिक भवन मेनपा १० शिखरपुर भवन निर्माण गर्न रु. १० लाख माग सम्वन्धी।

१४. स्वागतम टोल ढल व्यवस्थापन उपभोक्ता समितिलाई सडक ढलानको लागि साझेदारी ७०*३० मा ७ लाख ४० हजार माग सम्वन्धी।

१५. मेनपा ४ अमले मुसुरे झोलुङ्गे पुल जाने बाटो मर्मत गर्न रकम माग सम्वन्धी।

१६. जरायटार साना किसान कृषि सहकारी संस्थालाई चिलिङ्ग भ्याट राख्न जग्गा वा भवन माग सम्वन्धी।

१७. वडा नं.६ लाई कार्यालय सामाग्री माग सम्वन्धी।

१८. मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि नगरस्तरीय समिति गठन सम्वन्धी।

१९. योजनाको लागि रकम माग वडा नं.१

२०. मेनपा वडा नं. ९ को खड्काथोक डव्ल्यङ्ग सडक मर्मत गर्न प्राविधिक लागत अनुमान अनुसार रु.६ लाख २७ हजार माग सम्वन्धी

२१. विभिन्न वडा समितिबाट प्राप्त योजना संशोधन प्रस्ताव

निर्णयहरु:

१. नगरस्तरीय विपद व्यवस्थापन समितिको मिति २०७७।०६।२२ को निर्णय बमोजिम सम्वन्धित घरधनीले बाढी पहिरोबाट क्षति भएको घर आँगन संरक्षणको लागि ग्याविन जाली वा मेशिनरी वाल वा आवश्यक संरक्षणको अन्य विधि अपनाइ संरक्षण कार्य गरेमा कूल निर्माण लागतको २५ प्रतिशत वा अधिकतम एकमुष्ट रु.४००००।०० (चालिस हजार) मा नबढ्ने गरी निर्माण कार्य सम्पन्न भएपछि मात्र विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने । बाढी पहिरोबाट घर क्षति भएको वा घर जोखिममा परेको सहारा विहिन ज्येष्ठ नागरिक र एकल महिलालाई प्राविधिक लागत अनुमान गराइ आवश्यकताको प्राथमिकता र आधारमा घर संरक्षण कार्यमा सहयोग गर्ने ।

२. दिनप्रतिदिन कोभिड-१९ संक्रमणको जोखिम बढ्दै गएको यथार्थलाई ध्यानमा राखी देहाय बमोजिम गर्ने गराउनेः

३. हरेक वडाले आफ्नो क्षेत्रमा रहेको टोल बिकास संस्थालाई परिचालन गरी वडामा एउटा सम्पर्क बिन्दु बनाउने, यदि बाहिरबाट आएका वा स्थानीय व्यक्तिमा कोभिडको लक्षण देखिएमा तुरुन्त होम आइसोलेशनमा राख्ने व्यवस्था मिलाउने वा स्थानीय रुपमा आइसोलेशनको व्यवस्थापन गरी स्वास्थ्य संस्थाबाट नियमित स्वास्थ्य निगरानीको व्यवस्था गरी संक्रमितको व्यवस्थापन गर्ने ।

४. वडा दशैंको अवसरमा हुने सबै प्रकारका सामाजिक सांस्कृतिक मेला संचालन, पिङ्ग बनाउने, शुभकामना आदानप्रदान, खेलकुद प्रतियोगिता जस्ता भिडभाड हुने क्रियाकलाप नगर्न नगराउन नगरस्थित राजनैतिक दलहरु, नागरिक समाज, संघसंस्था, व्यवसायीहरु लगायतलाई अनुरोध गर्ने ।

५. शक्तिपिठ वा मन्दिरहरुमा पुजारीले सुरक्षाको मापदण्ड अपनाइ गर्ने नित्य पुजा बाहेक भिडभाड गर्ने कार्यमा रोक लगाउने ।

६. सवै सामूदायिक बिध्यालयहरुमा प्रति विद्यार्थी दुईवटाको दरले कपडाको मास्क र स्यानिटाइजर वितरण गर्ने ।

७. चाडपर्वको बेला भिडभाड नगर्न र स्वास्थ्य सम्वन्धी मापदण्ड अनिवार्यरुपमा पालना गरेर मात्र आफ्नो दैनिक कार्य गर्नुहुन आमनागरिक तथा व्यवसायीहरुलाई अनुरोध गर्ने तथा माइकिङ्ग गर्ने ।

८. मेनपा ०९ स्थित जनता मा.वि. ज्यामिरेमा कक्षा ११ सञ्चालन अनुमती माग गरी पेश भएको सम्वन्धमा उक्त वडामा १२ कक्षासम्म सञ्चालित माध्यामिक विध्यालय नभएको, हाल कक्षा ९ मा ७७ जना र कक्षा १० मा ४५ जना विद्यार्थीहरु अध्ययन गररहेको, शिक्षक विद्यार्थी तथा अन्य पुर्वाधार समेत पर्याप्त रहेको देखिएकोले नगर शिक्षा समितिको सिफारिश अनुसार कक्षा सञ्चालन प्रकृया अगाडि बढाउन अनुमति दिने ।

९. नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त दरवन्दी, राहत कोटा र विद्यालय सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि विधायन समितिमा छलफल गराई स्वीकृतार्थ पेश गर्ने ।

१०. तेर्से मा.वि., मेनपा-६ लाई कक्षा कोठा निर्माणार्थ प्राविधिक लागत अनुमान बमोजिम रकम माग भएकोमा शौचालय निर्माण कार्यको लागत कट्टा गरी प्स्तावित अन्य कार्य गर्नको लागि रु. ६०००००।०० (छ लाख) उपलब्ध गराउने ।

११. मेनपा -९ बस्ने सोम बहादुर घलेको पत्नी सुत्केरी गराउन लैजाँदा लैजाँदै मिति २०७७।१।२३ मा बाटोमा नै दुइ बच्चा जन्माइ सुत्केरी आमाको मृत्युभएकामा २ जना शिशुको भरणपोषणको लागि नगरपालिकाबाट रु. ६००००।०० उपलव्ध गराइएकोमा शिशुहरु १ वर्षको नभइन्जेलसम्मको लागि २ जना शिशुको लागि मासिक एकमुष्ठ रु. १००००।०० (दश हजार) को दरले बालपोषण खर्च उपलब्ध गराउने ।

१२. विभिन्न स्थानीय रेडियोहरुबाट कार्यक्रम संचालनको लागि प्रस्ताव पेश भएको सन्दर्भमा दुइ पक्ष बीच छलफल गरी उपलव्ध बजेटको आधारमा सम्झौता गरी कार्यान्वयन गर्ने ।

१३. नगरपालिकाले नाफामुलक स्वास्थ्य संस्थाहरुसँग साझेदारी गर्ने अभ्यास नरहेकोले उक्त संस्थाको हकमा पछिल्लो तीन वर्षको प्रगती विवरण माग गर्ने र स्वास्थ्य संस्थासँग साझेदारी गर्ने कार्यविधी बनाएर प्राविधिकको अनुमानित लागत तयार भएपछि छलफल गरी निर्णय लिने ।

१४. विविपि परिवार (दर्ता नं.४२२/०५१/०५२ काठमाण्डौ) लाई नौलिङ्ग स्वास्थ्य सेवा केन्द्रलाई साझेदार संस्था बनाई कार्यक्रम स्चालन गर्न स्वीकृति दिने ।

१५. कालिका चेतना मा.वि.,मेनपा-१३ लाई लिफ्ट खानेपानी योजना कार्यान्वयनको लागि रु.४ लाख ९० हजार उपलव्ध गराउने ।

१६. सुर्यमुखी साना किसान कृषि सहकारी संस्थालाई कोल्ड चेम्बर निर्माणको लागि सहयोग माग भएको सम्वन्धमा किसान-२ परियोजना र सुर्यमुखी साना किसान कृषि सहकारी संस्था सहितसँग छलफल गरी आएपछि मात्र प्रस्ताव हेरेर निर्णय लिने ।

१७. ब्रह्मकुमारी राजयोग सेवा केन्द्र ज्ञान पाठशाला मेनपा ११ लाई पुलबजार स्थित झोलुङ्गे पुल छेउ को २० फिट X २४ फिट जग्गा भवन निर्माणार्थ उपलब्ध गराउने ।

१८. फलामे सामूदायिक भवन मेनपा १० शिखरपुरलाई भवन निर्माण गर्न रु. १० लाख माग भएकोमा नगर सभाबाट स्वीकृत साझेदारी कार्यक्रम अनुसार ४०।६० साझेदारीमा कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने ।

१९. स्वागतम टोल ढल व्यवस्थापन उपभोक्ता समितिलाई सडक ढलानको लागि लागत अनुमान रु १०लाख ९६ हजार मध्ये साझेदारी ६०/४० अनुपातमा साझेदारी हुने गरी कार्यान्वयन गर्न स्वीकृति दिने ।

२०. मेनपा ४ अमले मुसुरे झोलुङ्गे पुल जाने बाटो मर्मत गर्न रकम माग भएकोमा उक्त स्थानमा नयाँ पुल बन्ने योजना रहेकोले हाल थप बजेट दिनु नपर्ने ।

२१. जरायटार साना किसान कृषि सहकारी संस्थालाई चिलिङ्ग भ्याट राख्न जग्गा वा भवन माग गरी पेश भएकोमा सहकारीलाई सार्वजनिक जग्गा दिन नसकिने व्यहोरा जानकारी दिने ।

२२. वडा नं. ६ को कार्यालयको लागि कार्यालय सामाग्री माग सम्वन्धमा सुशासन तथा संस्थागत क्षमता अभिवृद्धि समितिमा छलफलको लागि पठाउने ।

२३. मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि नगरस्तरीय समिति गठन सम्वन्धी विषय विधायन समितमा छलफल गरी पेश गर्ने ।

२४. मेनपा वडा नं. १ मा पर्ने सिन्धुखोला गिरानचौर भन्ज्याङ सडक खण्ड वर्षायामको बाढीले क्षतिग्स्त भएको हुँदा प्राविधिक खटाई लागत अनुमान तयार गरी पेश गर्न निर्देशन दिने ।

२५. मेनपा वडा नं. ९ को खड्काथोक डव्ल्याङ्ग सडक अन्तर्गत डव्ल्याङ्ग -पाल्ले खण्ड मर्मत गर्न रु.५ लाख मर्मत संभार कोषबाट उपलव्ध गराउने ।

२६. विभिन्न वडा समितिको कार्यालयबाट नगर विकास योजनामा परेका देहायका कार्यको लागि विनियोजित बजेट देहाय बमोजिम हुने गरी छुट्याई फरक फरक उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न अनुमति दिने ।

| सि.नं. | सम्वन्धित वडा | नगर सभाबाट स्वीकृत | | संशोधन प्रस्तावित | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | योजनाको नाम | रकम | योजनाको नाम | रकम | |
| १ | १ | भोटेचौर सडक स्तरोन्नती | रु. १५ लाख | बस्ती नं. १ र २ सडक स्तरोन्नती | रु. ५ लाख | |
| | | | | बस्ती नं.३ र ४ सडक स्तरोन्नती | रु. ५ लाख | |
| | | | | बस्ती नं. ५ र ६ सडक स्तरोन्नती | रु. ५ लाख | |
| २ | ६ | तालामाराङ कोलेचौर चापाबोट वडा कार्यालय मोटरबाटो स्तरोन्नती | रु.१० लाख | मेनपा वडा नं. ६ भित्रका ग्रामिण सडक मर्मत संभार | रु. ५ लाख | |
| | | | | ढुंगाना बेसी मानेभञ्ज्याङ मोटरबाटो स्तरोन्नती | रु. ५ लाख | |
| ३ | १२ | साना पूर्वाधार सडक तथा खानेपानी योजना | रु.११७६०००। | गिरान्चौर लिफ्ट खानेपानी मेशिन खरिद | रु. ५ लाख | |
| ४ | ४ | ग्रामिण सडक मर्मत तथा सफा साविक वडा नं १ देखि ९ सम्म | रु १२ लाख | साविक वडा नं १ देखि ६ मोटरबाटो निर्माण तथा मर्मत | रु. ६ लाख | |
| | | | | साविक वडा नं ७ देखि ९ मोटरबाटो निर्माण तथा मर्मत | रु. ६ लाख | |
| ५ | ११ | विपद व्यवस्थापन तथा सडक मर्मत संभार | रु. ८ लाख | वडाका यातायात सञ्चालन गर्न सकिने सडक मर्मत | रु. ६ लाख | |
| | | | | विपद व्यवस्थापन | रू. २ लाख | |